# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ९ गते २०२० साल

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

पुलिस कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता दिन बारे श्री ५ को सरकारले मिति ०१९।११।१३।२ मा गरेको निर्णय सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

१. श्री ५ को सरकारको पुलिस सेवामा स्थायी वा अस्थायी सरकारी पदमा नियुक्त भएका पुलिस सेवाका अफिसर, जवानहरूलाई यो निर्णय नेपाल गजेटमा प्रकाश भएको मिति-देखि देहाय बमोजिमको दनिक भत्ता, भ्रमण भत्ता, रेल, मोटर भाडा इत्यादि दिन र त्यस सम्बन्धमा अघि भैराखेको सरकारी निर्णयहरू बाझिएसम्म खारेज गरिदिने गरी निर्णय गरेकोछ ।

२. भ्रमण तथा दैनिक भत्ता पाउने पुलिस कर्मचारीले सरकारी कामको सिलसिलामा गर्नु-परेको भ्रमणको सम्बन्धमा गर्नुपर्ने खर्चको पूर्ति निमित्त यो निर्णय बमोजिम भ्रमण तथा दैनिक भत्ता निजलाई दिइन छ र यस्तो भत्ता लाभको साधन हुनेछैन ।
रासन पाउने अफिसर, जवानले दैनिक भत्ता पाएजति दिन रासन पाउने छैन ।

३. भ्रमणको स्वीकृति दिने अधिकारीः– (क) भ्रमणमा जाने स्वीकृति श्री आई. जि. पि. लाई श्री ५ को सरकाले, डी. आई. जि. पि. र सोभन्दा मुनीकालाई आई. जि. पि. ले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एस. पि. र सोभन्दा मुनिलाई डी. आई. जि. पि. ले र एरिया एस. पि. स्तरमा डी. एस. पि. र सोभन्दा मुनिलाई एस. पि. ले वा निजले अधिकार सुम्पेको व्यक्तिले दिन सक्नेछ।

(ख) एरिया. एस्. पि. तथा जिल्ला पुलिस अधिकारीस्तरमा एरिया एस. पि. जिल्ला डी. एस्. पि. जिल्ला इन्स्पेक्टर तथा सो अफिसका इन्चार्जवाला र थानाका थाना इन्चार्जले कुनै समयमा पनि परिआएको काम संपन्न गर्न अपर्झट तवरबाट हिंड्नुपर्ने हुंदा उपर्युक्तानुसार खटिएर मात्र काममा जाने गर्दा अव्यवहारिक हुन आउने हुंदा साबिक प्रचलन अनुसार आफू मुनिकोलाई इन्चार्ज दिई खटी जाने र तत्काल जाहेर गर्न नभयाए इन्चार्जभै काम गर्नेले सो अफिसका इन्चार्जहरू काम खटी गएको जाहेर गर्नुपर्दछ।

(ग) यस्तो जिल्ला स्थानास्तरमा पुलिसको जिल्ला अधिकारी वा इन्चार्जले र थाना इन्चार्जले आफ्नो मातहतका आफूभन्दा मुनिका कर्मचारीलाई खटाई पठाउन सक्नेछ।

(घ) माथि क. ख. ग. मा लेखिए बमोजिम तोकिएको अधिकारीले सही वा प्रति हस्ताक्षर नगरेको कुनै पनि भ्रमण तथा दैनिक भत्ता सम्बन्धित बिलको भुक्तानी दिन हुंदैन।

४. विभागीय प्रमुखको अधिकार र कर्तव्यः– भ्रमण तथा दैनिक भत्ता सम्बन्धी बिलहरूमा सही वा प्रति हस्ताक्षर गर्नु अगावै देहाय बमोजिम गर्ने विभाग प्रमुखको कर्तव्य हुनेछ।

(क) भ्रमण तथा दैनिक भत्ताको माग सम्बन्धी भ्रमण वा हल्ट (विराम) को उपयुक्त आवश्यकता र भ्रमणको संख्या बारे जांच गरी अनावश्यक वा नचाहिंदो किसिमसंग लम्ब्याएको वा आवश्यकभन्दा बढी, समय कुनै ठाउंमा बसेको देखिन आए मा त्यस्तो माग पूर्ण वा आँशिक रूपमा अस्वीकृत गरिदिने।

(ख) भ्रमण तथा दैनिक भत्ता सम्बन्धित बिलहरूमा उल्लेख भएको भ्रमणको फासला सम्बन्धी कुराहरूको परिनिरीक्षण (जाँच) सावधानीसाथ गर्नुपर्छ।

(ग) सम्भव भएको ठाउं वा समयमा फिर्ता टिकट ( Return Ticket ) लिए नलिएको आफूले यकिन गरी आफ्ना रायमा त्यस्तो नगरेको देखिन आएमा उक्त भ्रमण सम्बन्धी माग अस्वीकृत गरिदिने।

(घ) अधिकार प्राप्त अधिकारीबाट निकालिएको मार्गदर्शक सहायक आदेश वा उप–नियमहरूको पालन गर्ने।

५. भ्रमण गर्ने तरीकाः– (क) सबैभन्दा छोटो बाटो र कम खर्चिलो साधनद्वारा भ्रमण गर्नुपर्दछ। किफायतको बाटोलाई मान्यता दिइने छ।

(ख) भवितव्य परी ज्यान बचाउनुपर्दा बाटो छोडी अर्को बाटो गै खर्च हुन गएकोमा कारण स्पष्ट खुलाई सरकारी कर्मचारीले खर्च लेखेकोमा भ्रमणको स्वीकृति दिने अधिकारीले मनासिब भनी प्रमाणित गरेकोमा एकाउण्टेण्ट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अफिस हिसाब जांच्ने अधिकारीले मिन्हा दिनुपर्दछ। तर झुट्टा कारण लेखिएको देखिएमा भ्रमण गर्ने (व्यक्ति) ले ऐन सवाल बमोजिम जवाफ देही हुनुपर्नेछ।

(ग) भ्रमण हवाई मार्गबाट जाँदा यथासम्भव ( Return ticket ) फिर्ता टिकट लिनु पर्दछ।

(घ) आई. जि. पि. ले नेपाल अधिराज्यभित्र भ्रमण गर्नुपर्दा पाएसम्म प्लेनबाट आउनु पर्दछ।

६. भ्रमण भत्ताको निमित्त पुलिस कर्मचारीहरूको बर्गीकरणः–

(क) यो निर्णय बमोजिम दिइने भ्रमण भत्ताको प्रयोजनको लागि पुलिस कर्मचारी-हरूलाई देहाय बमोजिमको तहहरूमा विभाजित गरिएको छ।

| पुलिस कर्मचारीको श्रेणी | तह |
| --- | --- |
| आई. जि. पि. । | प्रथम |
| डी. आइ. जि. पि. । | |
| एस. एस. पि. । | |
| एस. पि. । | द्वितीय |
| डी. एस. पि. । | |
| इन्स्पेक्टर । | |
| सब–इन्स्पेक्टर । | तृतीय |
| असिष्टेण्ट सब–इन्स्पेक्टर । | |
| हेड कन्सटेबल । | |
| कन्सटेबल । | |
| रिक्रुट । | चतुर्थ |
| फलवर्स । | |

(ख) माथि खण्ड (क) मा नपर्ने व्यक्तिहरूको सम्बन्धमा श्री ५ को सरकारले सूचना-द्वारा निजहरूको तह तोक्न सक्ने छ।

७. भ्रमण भत्ताको दर रेटः–

(१) (क) पैदल हिंडनु पर्ने अवस्थाहरूमा बाहेक रेल, मोटर, पानी जहाज, हवाई जहाज, जेमा भ्रमण गरे तापनि पुलिस कर्मचारीहरूलाई देहाय बमोजिमको भ्रमण भत्ता दिइने छ।

| | |
| --- | --- |
| (१) प्रथम तहका लाई – – – – | फष्ट क्लास. |
| (२) द्वितीय तहकालाई – | फष्ट क्लास. |
| (३) तृतीय तहकालाई | सेकेण्ड क्लास. |
| (४) चतुर्थ तहकालाई | थर्ड क्लास. |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर हवाई जहाजबाट भ्रमण गर्नुपर्दा टुरिष्ट क्लासबाट मात्र भ्रमण गर्नुपर्दछ। टुरिष्ट क्लास नपाइएमा मात्र फष्ट क्लासबाट भ्रमण गर्न पाइन्छ टुरिष्ट क्लास नपाएको भन्ने कुराको सबूद प्रमाण पेश गर्नुपर्नेछ।

(ख) पैदल हिंड्नुपर्ने अवस्थामा पुलिस कर्मचारीले हिड्न पर्ने प्रत्येक कोशको तपसीलको दरले भ्रमण खर्च पाउनें छ।

| | प्रत्येक कोशको दर |
|---|---|
| (१) प्रथम र द्वितीय तहकालाई नें. रू. | ४। |
| (२) तृतीय तहकालाई ने. रू. | २।- |
| (३) चतुर्थ तहकालाई नें. रू. | १।- |

(२) नयां नियुक्ति सरुवा, बढुवा भै एकस्थानबाट अर्कोस्थानमा जाने पुलिस कर्मचारीले आफ्नू स्वास्नी, छोरा–छोरी साथमा वा आफ्ना अवधिभित्र एकपल्ट जहिले लगेपनि दर्जा अनुसार भत्ता पाउने छ।

(३) भ्रमण गर्दा आफूले पाउने क्लास उपलब्ध नभएमा सोभन्दा तलको क्लासमा भ्रमण गर्नुपर्दछ र सोही बमोजिमको मात्र खर्चको मिन्हा हुने छ।

(४) भ्रमण भत्ता ३ वर्ष मुनिका केटा–केटीलाई नदिने १२ वर्ष मुनिकालाई आधा र सोभन्दा माथिका २१ वर्षसम्मलाई पूरा दिने।

८. दैनिक भत्ता पाउने अवस्थाहरू:– आवश्यक परी आफ्ना सदर मुकामदेखि बाहिर भ्रमणमा गै आफ्नो सरकारी काम भएको ठाउंमा रहंदा त्यस्तो रात बिताएको हिसाबले दिनको गिन्ति गरी दैनिक भत्ता दिइनेछ र यस भत्तामा विश्राम भोजन र आकस्मिक अन्य आवश्यक कुराहरू सामेल रहेको सम्झनु पर्दछ।

९. दैनिक भत्ताको दर रेटः– (क) पुलिस कर्मचारीहरूलाई तपसीलको दरले दैनिक भत्ता दिइने छ।

| कर्मचारीको दर्जा | दैनिक भत्ता ने. रू. |
|---|---|
| आई. जि. पि. । <br> डी. आई. जि.पि.। | १२। |
| एस. पि. । <br> डी. एस. पि. । <br> इन्सपेक्टर । | १०। |
| स. इ. | ७। |
| अ. स. इ. | ५। |
| हेड. कं. | ४। |

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कं. ।
रि. । – – – – – २।
फ. ।

(ख) कुनै पुलिस कर्मचारीले आफू सरुवा बढुवा भै एकस्थानबाट अर्को स्थानमा आफ्नू स्वास्नी, र छोरा–छोरीहरू लिएर जाँदा कर्मचारीको दर्जा अनुसार दैनिक भत्ता दोब्बर पाउनेछ ।

१०. दैनिक भत्ताको अवधिः– (१) कुनै कर्मचारी एकस्थानबाट अर्को स्थानमा काजमा खटी गै सो काज सम्बन्धी स्थान एउटै ठाउंमा सीमित भएमा देहाय बमोजिमको दरले दैनिक भत्ता दिइनेछ ।

| | | | भत्ताको दर |
|---|---|---|---|
| (क) पहिलो एक महीनालाई | – | – | – पूरा |
| (ख) दोश्रो एक महीनालाई | – | – | ५० प्रतिशत. |
| (ग) तेस्रो एक महीनालाई | – | – | २५ प्रतिशत. |
| (घ) चौथो महीना र सोभन्दा बढीलाई | – | – | नपाउने. |

तर विदेशमा खटिएकोमा यो दफा लागू हुने छैन ।

(२) कुनै पुलिस कर्मचारीलाई नब्बे दिनभन्दा बढी अवधिको निमित्त कुनै ठाउंमा खटाइएमा निजको सदर मुकाम सोही ठाउं मानिनेछ ।

११. थप सुविधा पाउनेः– (क) निम्न स्थानहरूमा कुनै पुलिस कर्मचारी खटाई पठाउंदा निजलाई दर्जा अनुसार पाउने दैनिक तथा भ्रमण भत्तामा ५० प्रतिशत थप भत्ता दिइनेछ ।

१. बैतडी वा व्यास गर्खा ।
२. जुम्लामा हुम्ला मुगुर करानदरा ।
३. बाग्लुंगमा छार्का र मुस्ताङ् थुम ।
४. प. ३. नं. मा मनाङ र भोट ३ गाउँ थुम ।
५. प. २ नं. मा लर्को भोट (१८ शय खोला)
६. प. १ नं. मा सियार भोट् र रसुवा भोट ।
७. पू. १ नं. मा तातापानी ।
८. पू. २ नं. मा लामा बगर ।
९. पू. ३ नं. मा (सोलुथुम)
१०. धनकुटामा तोप्के गोला, वोलाङ चुङ, समा उत्तर, संखुवा उत्तर, ।

(ख) भारत तर्फ खटाई पठाउंदाः– भारतको राजधानी तथा श्री ५ को सरकारले भारतको मुख्य शहर भनी तोकेको ठाउंमा गजेटेड प्रथम श्रेणीको अफिसरलाई रोज १ को ने. रू. ८०।– अरू गजेटेड अफिसरलाई रोज १ को ने. रू. ६४।– र अरू नन् गजेटेडलाई रोज १ को ने. रू. ४८।– दिइनेछ ।

29

नक्कल किताब सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सरुवा, बढुवा भई एक स्थानबाट अर्को स्थानमा निम्नलिखित तहका पुलिस कर्मचारी रेलमार्ग, हवाई मार्गबाट जांदा देहाय बमोजिम अतिरिक्त तौलको बिल भएमा भाडा भरौटको विशेष सुविधा पाउने छन् ।

| | | | | पौण्ड |
|---|---|---|---|---|
| (१) प्रथम तहकालाई | – | – | – | ८० |
| (२) द्वितीय तहकालाई | – | – | – | ६० |
| (३) तृतीय तहकालाई | – | – | – | ४० |
| (४) चतुर्थ तहकालाई | – | – | -- | २० |

(घ) नियुक्ति, सरुवा, बढुवा र काज खटी जांदा प्रथम र द्वितीय तहका पुलिस कर्मचारीले हवाई जहाज चल्ने ठाउंमा हवाई जहाजबाट भ्रमण गर्न विशेष इजाजतलिइरहन पर्दैन । अरू तहका पुलिस कर्मचारीको हक्मा खटाउन पर्वा खटाई पठाउने अधिकारीको अर्डर आदेशानुसार हवाई मार्गबाट भ्रमण गर्न पाउनेछ ।

१२. फ्लाइट इन्स्योर खर्च पाउने:–

(क) हवाई मार्गबाट भ्रमण गर्नुपर्दा पुलिस कर्मचारीलाई तपसीलको दरले फ्लाइट इन्स्योर खर्च दिइनेछ ।

तर निर्णय अन्तर्गतको खर्च केवल कर्मचारीले मात्र पाउन सक्नेछ ।

| कर्मचारीको दर्जा | | | इन्स्योर गर्ने रकम |
|---|---|---|---|
| इन्स्पेक्टरदेखि आई. जी. पि. सम्म | – | – | ३०,००० |
| अरू पुलिस कर्मचारीलाई | – | – | २०,००० |

(ख) प्रकरण (क) बमोजिम फ्लाइट इन्स्योर खर्च पाउने पुलिस कर्मचारी कुनै भवितव्यमा पर्न गई इन्स्योरबाट पाउने रकम पाएमा वा पाउने भएमा अरू पारिवारिक वा आंशिक वृति पेन्सन उपदान इत्यादिबाट निजको उत्तराधिकारी वंचित गरिने छैन ।

१३. परीक्षामा सामेल हुन आउंदा जांदा:– कुनै पुलिस कर्मचारी लोकसेवा आयोगको प्रतियोगितात्मक जाँचमा वा कुनै अन्य किसिमको जांचमा सामेल हुंदा भ्रमण भत्ता तथा दैनिक भत्ता पाउने छन ।

तर यदि कुनै पुलिस कर्मचारीलाई श्री ५ को सरकारले यस्तो कुनै जांचमा सामेल हुन कर लगाएमा भने यस निर्णय बमोजिम भ्रमण तथा दैनिक भत्ता दिइनेछ ।

१४. भ्रमण सम्बन्धी बिलहरू:–आफूले गरेको भ्रमणखर्च फिर्ता भुक्तानी पाउनको निमित्त सम्बन्धित व्यक्तिले समय समयमा सूचनाद्वारा तोकिएको फाराम पेश गरेमा मात्र दिइने छ । यसरी पेश गरिएका बिलहरूमा साधारणत: भर्पाई नबिने कलमहरूमा बाहेक भर्पाईहरू संलग्न राखी पेश गर्नुपर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. सदर मुकाम रहेको जिल्लाभित्र भ्रमण गर्नुपर्दा :- (क) जिल्लामा भर्ना भएको पुलिस कर्मचारीले त्यही जिल्लाभित्र भ्रमण गर्नपरेमा र आफ्नो सदर मुकामभन्दा तीनकोश टाढा रात बस्ने गरी गएकोमा माथि जुनलहको पुलिस कर्मचारी, जति पाउने भनी दफा दफामा लेखिएको छ त्यस ो एक चौथाइ दैनिक भत्ता र दफा ७ (१) क. बमोजिम रेल, मोटर, हवाई जहाज, जे मा भ्रमण गरे तापनि सोही दफा बमोजिम भ्रमण भत्ता पाउने छ । (ख) त्यसरी खटाउंदा खटाउने अधिकारीले बस परिवन्दबाट खटाउनुपरेको भनी निर्णय राख्नुपर्दछ र यति दिनभित्र फर्कनु भनी फिटानीसा खटाएको हुनुपर्दछ ।

१६. दैनिक, भ्रमण भत्ता पेश्की पाउने:- कुनै पुलिस कर्मचारी माथि दफा दफामा लेखिए बमोजिम सरुवा, बढुवा भै जांदा हालको अड्डा मार्फत हिसाब फांटवारी बुझाउने गरीं यस निर्णय बमोजिम पाउने दैनिक भ्रमण भत्ता, साबिक अड्डाबाट पेश्की पाउने छ ।

१७. पुलिस कन्सटेबलहरूमा रासन पाउने व्यक्ति भए त्यस्तोले भ्रमणमा जानु परी रासन पाउने अवस्था पर्न आएमा रोज १ को ने. रू. ४।- का दरले दिने र रासन पाउनेलाई रोजको ने. रू. २।– का दरले दिने ।

१८. मृत व्यक्तिका परिवारलाई दैनिक भमण भत्ता दिने:– मृत व्यक्तिका परिवारले पोष्टिंग भएको ठाउंमा पुलिस कर्मचारी मरेमा सो ठाउंबाट आफ्ना घरसम्म जानलाई नियममा लेखिए बमोजिम मृत व्यक्तिको दर्जा अनुसार एक जवानको दैनिक भत्ता र नियम अनुसार भमण भत्ता दिने ।

आज्ञाले–

(डा. यादवप्रसाद पन्त)

श्री ५ को सरकारको सचिव,

अर्थ मन्त्रालय ।

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

पश्चिम ३ नम्बर र पश्चिम ४ नम्बर जिल्लालाई पनि ०१९ साल फागुन १ गतेदेखि नियम बमोजिम पाउने दुर्गमस्थान भत्ता दिने मिति ०१९।१२।६।६ मा श्री ५ को सरकारले निर्णय गरेकोछ ।

तलव खर्च लेख्ने सबै सम्बन्धित अड्डाहरूले यसैलाई यसमन्त्रालयको दरबंदी निकासा कायम गरी तलब खर्च लेखी खाने खुवाउने गर्नु गराउनु पर्छ ।

आज्ञाले–

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव,

अर्थ मन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।